# स्थानीय राजपत्र

पञ्चपुरी नगरपालिकाको कार्यपालिकाद्वारा प्रकाशित

खण्डः-८ संख्याः-३ मितिः२०८१/०३/२८

## भाग१-

पञ्चपुरी नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको

सूचना

नेपालको संविधान  वमोजिम पञ्चपुरी नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८१ सालको ऐन नं. ०३

# पञ्चपुरी नगरपालिकामा वन सम्बन्धी काम गर्न बनेको ऐन

प्रशतावना: प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, गर्दै आईरहेका समुदाय वनक्षेत्रमा आश्रित समुदायको वन व्यवस्थापन र लाभको बाँडफाडमा प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउदै वनको दिगो व्यवस्थापन, न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउदै दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्‍याउन वनको व्यवस्थापन सम्वन्धि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५१ को उपधारा (छ) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को ङ (२) र (५) अनुसारको व्यवस्था कार्यन्वयन गर्न स्थानिय सरकार संचालन ऐनको दफा १०२ अनुसार यस पञ्चपुरी नगरपालिकाको नगरसभाले यो स्थानीय वन ऐन २०८० बनाएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम "पञ्चपुरी नगरपालिका वन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) परिभाषाः— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "कार्यपालिका" भन्नाले पञ्चपुरी नगरपालिका को कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) वन उपभोक्ता महासंघ नेपाल" भन्नाले दफा २१मा उल्लेख गरिए बमोजिम गठन हुने सामुदायिक वनहरुको प्रतिनिधिमूलक संगठन सम्झनुपर्दछ ।

(ग) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलनका लागि गठन हुने उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

(घ) "पराम्परागत संस्था" भन्नाल आदिवासी जनजाति तथा स्थानीय समुदायले आफ्नो क्षेत्रको वन लगायतका प्राकृतिक श्रोत र यस सम्बद्ध सामाजिक, सांकृतिक, भौगोलिक अभ्यासको संरक्षण र सदुपयोग समेतको उद्धेश्यले स्थापना र सञ्चालन गर्दे आएका औपचारिक वा अनौपचरिक परम्परगत संथालाई सम्झनु पर्छ ।

(ङ) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा वुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्दछ ।

(च) "वन पैदावार भन्नाले" वनमा रहेका वा पाईएका वा वनबाट ल्याईएका देहायका पैदावार सम्झनु पर्दछ ।

१ काष्ठ पैदावार

२. गैरकाष्ठ पैदावार

३. चट्टान माटोजन्य र खनिजजन्य पदार्थ

(छ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, प्रथाजनित संस्थाले परम्परागत रूपमा व्यवस्थापन गर्दै आएको प्रथाजनित वन, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, पारिवारिक—निजि वन, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ज) "स्थानीय वन ऐन २०८० भन्नाले यस पञ्चपुरी नगरपालिका को नगरकार्यपालिकाले पारित गरेको वन ऐन २०८० सम्झनु पर्दछ ।

(झ) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(ञ) "सामुदायिक वन" भन्नाले संघिय वन ऐन २०४९ बमोजिम समुदायद्धारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्छ ।

(ट) "निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ठ) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौं—पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ड) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८-ले परिभाषित गरेको समुदायलाई जनाउँछ ।

(ढ) "विपन्न वर्ग भन्नाले" आर्थिक, सामाजिक, भौतिक, मानवीय र प्राकृ्तिक स्रोत साधनमा पहुंच तथा नियन्त्रणको आधारमा पछाडि परेका वा पारिएका उपभोक्ताहरू सम्झनु पर्दछ ।

(ण) "वञ्चित वर्ग भन्नाले" विकास निर्माणका अवसरमा समावेश हुनु नसकेको तथा स्रोत साधनमा पहुचँ नभएका या कम पहुचँ भएका उपभोक्ताहरूलाई सम्झनु पर्दछ ।

(त) "वनमाथिको पहँुच" भन्नाले नीति निर्माण, संरक्षण, संवद्र्धन र सदुपायोग गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(थ) "वनमाथिको स्वामित्व" भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, गर्दै वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजातिहरुको वनक्षेत्र र भूमिमाथिको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(द) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वन सम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(ध) “स्थानीय समुदाय” भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक पञ्चपुरी नगरपालिका बासी सम्झनुपर्दछ ।

(न) “अधिकारवाला” भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय सम्झनु पर्छ ।

(प) “सामुदायिक वन” भन्नाले सामुिहक हितको लागि वनको विकास संरक्षण र उपयोग गर्न उपभोक्ता समुहलाइ सुम्पीएको राष्ट्रीय वन सम्झनु पर्छ ।

(फ) “प्रथाजनित व्यवस्थित वन भन्नाले” स्थानिय समुदाय तथा आदिवासी जनजातिहरुद्धारा परापूर्वकाल देखि प्रथाजनित कानुन र अभ्यासका आधारमा गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ब) “निजी वन” भन्नाले व्यक्तीको स्वामित्वमा रहेको जग्गा वा वनलाई सम्झनु पर्छ ।

(भ) “परम्परागत उपभोक्ता, जीवन पद्धति” भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा, अनुसार पेशा र अभ्यासको आधारमा निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

(म) “उद्योग” भन्नाले यस ऐन बमोजिम बन वा वन पैदावारमा आधारित उत्पादनमुलक व्यवसाय भन्ने सम्झनुपर्दछ ।

(य) “सम्बन्धित अधिकारी” भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियारप्राप्त अधिकारी सम्झनु पर्दछ ।

(र) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ल) “वातावरणीय सेवा” भन्नाले वन संरक्षण गरेर पानीका मूहान संरक्षण वापत स्वच्छ पानी, स्वच्छ हावावाट पाईने सेवा साथै कार्वन सन्चिति सम्झनु पर्छ

(व) “नगर प्रमुख” भन्नाले पञ्चपुरी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(श) “अधिकारवाला” भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व

३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः (१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वन तथा प्रथा जनित वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदाय वा सामुदायिक वन उपभोक्ता समूहको पूर्व स्विकृतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, सास्कृतिक, भौतिक, जैविक विविधताको क्षति मूल्यांकन गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

४.सामुदायिक वनमा उपभोक्ताको अधिकारः (१) सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वनसम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन जैविक विविधताको संरक्षण, संम्बद्धन र उपयोग गर्नकालागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान, वनपैदावारहरू प्राप्त तथा उपभोग गर्ने ।

(ग) सामुदायिक वनबाट आधारभूत आवश्यकता पुरा गरि बढी भएका वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण सहित बिक्री वितरण गर्ने,

(घ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(ङ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने ।

(च) सामुदायिक वनको दिगो व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने तथा कार्यविधि वनाई काम गर्न सक्ने,

(छ) सामुदायिक वन दिगो व्यवस्थापनकोलागि आवश्यक कार्ययोजना वनाई लागू गर्ने र गराउने,

(ज) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित, अपांग समुदाय, अल्पसंख्यक लगायतका आर्थिक सामाजिक रूपमा पछाडि पारिएका समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्ने तर स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, प्रथाजनित वा व्यवस्थापक आदिवासी जनजातिहरु, सामुदायिक वन उपभोक्ता महासंघ र निजी वनको संस्थागत तथा पैरवी क्षमता अभिबृद्धिमा लगानी गर्न सक्नेछन् ।

(झ) वन व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ञ) उपभोक्ता समूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने, अनुदान प्राप्त गर्दा गा.पा को वन शाखाबाट अनुमती लिनु पर्ने

(ट) वनमा आधारित उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी उपभोक्ता समुहले ऋण लिई दिगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने ।

(ठ) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(ड) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुल उपर गर्ने, शुल्क छुट वा मिनाहा दिने,

(ढ) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(ण) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

(त) सामुदायिक वनक्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाई गर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको दिगो वन व्यवस्थापन कार्ययोजना मुताविक वन वातावरणमा प्रतिकुल असर नपर्ने गरी बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको दस्तुर लिने ।

(थ) प्रथाजनित वनमा स्थानिय समुदाय र आदिवासी जनजाति समुदायले प्रथाजनित रुपमा दिगो संरक्षण र व्यवस्थापन गर्दै आइरहेको वनबाट वनपैदावार प्रथाजनित कानुन र अभ्यास बमोजिम परापूर्व काल देखि गर्दे आइरहेको व्यवस्था अनुरुपनै पाउने छ ।

(२) सामुदायिक वन उपभोक्ता समुहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन ।

(क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाँढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् ।

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ न्यायोचित ढंगले तोक्ने र तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

(४) उपदफा (१) (२), (३) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय, बर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि वन उपभोक्ता समूहको आम भेलाबाट पारित गरिने छ ।

५. सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्वः— (१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(२) यस ऐन यसपछि बन्ने वन नियमावली र पञ्चपुरी नगरपालिकाबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण (व्यक्तिगत, घरधुरी, सामुहिक, समानुपातिक समावेशी) रूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(४) स्थानिय समुदायको परपम्परागत ज्ञान, सीप, अभ्यास आदिको संरक्षण गर्नुपर्ने ।

(५) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(६) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा पञ्चपुरी नगरपालिकामा कानूनले तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(७) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(८) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(९) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्वद्र्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबर्द्धन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(१०) जैविक विविधताको सम्बन्धमा स्थानिय समुदायका सामुहिक रुपमा रहेको परम्पारागत ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(११) उपदफा (१०) बमोजिनको परम्परागत ज्ञान, सीप, अभ्यासलाई संरक्षण र जीवन्त दिंदै भावि पुस्तामा हस्तान्तण गर्दै लानको लागि सम्वन्धित परप्परागत संस्था वा स्थानीय समुदायसंगको सहकार्यमा कार्यपालिकाले विशेष योजना बनाई कार्यन्वयन गर्ने छ ।

(१२) कार्यपालिकाले उपदफा (१०) बमोजिमको अभिलेखिकरण संघीय कानूनमा निर्धारण गरे बमोजिम व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

६.सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः— (१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ ।

(ख) बाँडफाड गर्दा विपन्न वर्ग र महिलाको विकासमा ४०प्रतिशत र सामाजिक विकास र वन विकासमा ६०प्रतिशत हुनेछ ।

७.सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने

(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षेत्रको स्वामित्व फिर्ता लिन र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वनउपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समुहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) पञ्चपुरी नगरपालिकाको वन ऐन, २०८१ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहका विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले यस ऐन वा प्रचलित ऐन विपरित कार्य गरेमा यस ऐनमा तोकिए जति यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

८. स्थानीय समुदायसंग स्वतन्त्र, पूर्व सूसुचित गरी मञ्जुरी लिनु पर्नेः— (१) नेपाल सरकार, प्रदेश सरकार र पञ्चपुरी नगरपालिकाले देहाय बमोजिमका निर्णय लिनुपूर्व स्थानिय समुदाय, प्रथाजनित संस्थाहरु र सामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू—सुचित मञ्जुरी लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समुहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा गर्दा, कार्यान्वयण गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित ऐन र कानून, नीति तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो ऐन र कानून, नीति तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि महासन्धि, घोषणापत्र र सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रहि नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसंग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सूसुचित मञ्जुरी (Free Prior Inform Consent) लिईनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसंग र उपदफा (२) बमोजिम विभिन्न जाति, बर्ग वा समुदायसंग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सूसुचित मञ्जुरी (Free Prior Inform Consent) नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

९. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः (१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यकको यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्णायक तह पदाधिकारी) लगायतमा सबै समुदायका महिलाको प्रतिनिधित्व हुने गरी कम्तिमा ५० प्रतिशत महिलाको

प्रतिनिधित्वको सुनिश्चित गराईनेछ ।

(३) उपदफा (२) बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ ।

(४) सामुदायिक वनको साधारणसभा आयोजना गर्दा सम्पूर्ण उपभात्तो, विशष्ोगरी विपन्न, बञ्चित वर्ग, महिला तथा दलित उपभोक्ताहरूको सक्रिय सहभागिता सुनिश्चित गराई साधारण सभामा कम्तिमा पनि ५० प्रतिशत विपन्न, महिला, दलितहरूको सहभागिता हुने वातावरण तयार गर्नु आवश्यक रहनेछ ।

१०. सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने (१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन ।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई स्थानीय सरकारले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नछ ।

११. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार (१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउनेछन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने,

(ख) परम्परागत रूपमा उपभोग गर्दै आईरहेको खानेपानीको श्रोत, सिंचाईको श्रोत, खोला लगायतका पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदावर निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रूपमा चरिचरण, पशुचरण गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण, पशुचरणको रूपमा उपभोग गर्ने,

(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्नमा पहुँच हुने ।

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुर्‍याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति सम्वन्धि निकायबाट प्राप्त गर्ने,

(छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरे बापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,

(२) उपदफा (१) को खण्ड (क),(ख),(ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरण र पशुचरणको लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा नगरपालिकाले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था नगरपालिकाले तत्काल मिलाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूका उपदफा (२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्बन्धित समुदायलाई नगरपालिकाले उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

## परिच्छेद— ३

## सामुदायिक वन तथा अन्य वन व्यवस्थापन, दर्ता तथा हस्तान्तरण

१२. सामुदायिक वन तथा अन्य वन व्यवस्थापन, दर्ता तथा हस्तान्तरण (१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु यसै ऐनद्वारा सन्चालन व्यवस्थापन हुनेछन ।

(२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्धारा सन्चालन तथा व्यवस्थापन हुनेछन ।

(३) सार्वजनिक जग्गामा वन विकास सम्वन्धी व्यवस्थाः कार्यपालिकाले प्रचलित नेपाल कानुन तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा विक्री वितरण, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा विक्री वितरण गर्न सक्नेछ ।

१३. खुला क्षेत्र व्यवस्थापनः (१) नगरपालिकाले आफनो क्षेत्र भित्र रहेको खुला, खर्क तथा सार्वजजिक क्षैत्रको संरक्षण, प्रवद्र्धन तथा अभिलेखीकरण गर्नु पर्ने छ ।

(२) कार्यपालिकाले आफनो क्षेत्रधिकार भित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यस्थापन गर्न सक्नेछ ।

१४. जलाधार संरक्षण गर्नुपर्ने ः (१) नगरपालिका क्षत्रेभित्र रहेका जलाधारको संरक्षण गर्नु गाऊँपालिका, परम्परागत संस्था, स्थानीय समुदाय, स्थानीय बासिन्दा र सम्बन्धीत निकायको कर्तब्य हुनेछ ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानुन र मापदण्डको अधीनमा रही कार्यविधि बनाई स्थानीय समुदायका माध्यमबाट नगरपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्ने छ ।

(३) आफनो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिका हुनेछ ।

## परिच्छेद—४

## सामुदायिक वन सम्वन्धी व्यवस्था

१५. सामुदायिक वन सुम्पने  (१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बद्र्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी नगरपालीकाले आफ्नो क्षेत्र भित्रका वनको कुनै भाग सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

१६. कार्ययोजना संशोधनः (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्येख्यनीय प्रतिकुल असर पर्ने देखिएमा नगरपालिकाले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ ।

१७. उपभोक्ता समूहको दर्ता (१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित नगरपालिका समक्ष पेश गर्ने ।

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु एक बर्ष भित्र पञ्चपुरी नगरपालिका सूचिकृत गर्नुपर्नेछ । त्यस्ता समूहलाई पञ्चपुरी नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्नसक्नेछ ।

१८. उपभोक्ता समूह संगठित संस्था रहने (१) सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।

(२) समूहको छुट्टै छाप हुनेछ ।

(३) समूहको आफ्नौ टाँचा हुनछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(५) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

१९. प्रतिवेदन दिनुपर्ने (१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनसमूहहरुले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको चार महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक प्रतिवेदन पञ्चपुरी नगरपालिका र सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ ।

२०. उपभोक्ता समूहको कोष (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ ।

(क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै व्यक्ति, वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविक विविधता) को विक्रि वितरण वाट प्रप्त रकम

(घ) उद्योग तथा पर्यटन सन्चालनवाट प्राप्त रकम

(ङ) जरिवानाबाट प्राप्त

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ ।

(२) कोष संचालन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—५

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

२१. सामुदायिक वन उपभोक्ता महासंघ गठन गरिने (१) पञ्चपुरी नगरपालिकाभित्रका सम्पुर्ण सामुदायिक वनहरुको सक्रीय उपस्थितिमा सामुदायिक वन उपभोक्ता महासंघ गठन गरिनेछ । यसको सञ्चालन, विधान र सांगठानिक नियमावली अनुरुप हुनेछ ।

२२. सामुदायिक वन उपभोक्ता महासंघको काम, कर्तव्य र अधिकार (१) सामुदायिक वन उपभोक्ता महासंघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक वनहरुको संरक्षण तथा सम्बद्र्धनमा सहयोग गर्ने ।

(ख) सामुदायिक वनहरुका विभिन्न गतिविधिको सम्बन्धमा समन्वय तथा सुधार गर्नको लागि नगरकार्यपालिकामा पेश गर्ने ।

(ग) सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणको लागि आवश्यक कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने ।

(घ) सामुदायिक वनको संरक्षण सम्बद्र्धन तथा सुधारको लागि आवश्यक नीति तथा योजना तयार गरी स्वीकृतिको लागि नगरपालिकामा पेश गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ तथा प्रदेश सँग आवश्यक समन्वय गरी वन सुधारका कार्ययोजना तयार गर्ने ।

(च) वातावरण तथा जैविक विविधताको संरक्षण, भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट बन विकास सम्बन्धी कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।

(छ) सामुदायिक वनको संरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने । तर समन्वय समितिले आवश्यक निर्णय गरी गस्ती परिचालनको जिम्मा अध्यक्ष वा गस्ती टोली प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ज) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद—६

## वनमा आधारित उद्यम विकास, पर्यापर्यटन र जलवायु परिवर्तन न्यूनिकरण र अनुकुलन योजना सम्बन्धी ब्यवस्था

२३. वन आधारीत उद्यमको विकास गर्न सक्ने (१) यस नगरपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरणसम्बन्धी प्रचलित कानुन बमोजिमका मापदण्डहरुको पालना गरी वनमा आधारीत उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) यस नगरपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चापदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक निजी सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र संचालन गर्न सकिनेछ ।

(४) यस नगरपालिकाले वनमा आधारीत उद्यम सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्यक्रम संचालन गर्न सकिनेछ ।

२४. वन्यजन्तु पालन तथा प्रजनन् (१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँग सहकार्य गरी वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी योजना तर्जुमा गरी वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने विक्री वितरणका लागि प्रदान गरीने इजाजत सम्बन्धी मापदण्ड प्रचलित संघीय कानुन बमोजिम हुनेछ ।

(३) वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन लागि पालिका तथा अन्य सरकारी तथा गैरसरकारी संघ संस्था वा निजी क्षेत्रले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

२५. होम स्टे (१) पर्यापर्यटन प्रवर्द्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानिय समुदायले यस नगरपालिकामा सामुदायिक होम स्टे दर्ता गरी संचालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होम स्टे सञ्चालनसम्बन्धी कार्यविधिको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार पालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

२६.जलाधार संरक्षण (१) यस पालिकाले आफ्नो क्षेत्रमा रहेका जलाधारहरुको पहिचान गरी नक्सा सहितको विवरण राख्नुपर्नेछ ।

(२) यस पालिकामा रहेका जलाधारहरुको सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट संरक्षण सम्बन्धी कार्यहरु गरिनेछ ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि यस पालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

२७. सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन (१) यस पालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समुहका माध्यमबाट गरिनेछ ।

(२) वन क्षेत्र भन्दा बाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समुह वा जल उपभोक्ता समूह/संस्था गठन गर्न सकिनेछ ।

(३) सिमसार उपभोक्ता समुह वा जल उपभोक्ता समूह÷संस्था गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि यस नगरपालिकाको कार्यपालिकामा छलफल गरी प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायत जलचरको संरक्षण र विक्री वितरणका लागि उपभोक्ता समूहले आफै आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२८. कृषि वन प्रवद्र्दन (१) यस पालिकामा रहेका सामुदायिक वन लगायतका वन क्षेत्र, सार्वजनिक जग्गा र निजी वन तथा निजी जग्गामा कृषि वन लगाउन चाहनेलाई यसपालिकाले आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(२) सामुदायिक वनमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा वन क्षेत्रको जैविक विविधता संरक्षण हुने गरी र एउटै विरुवाले लामो समय उत्पादन दिने प्रकृतिका वनजन्य तथा कृषिजन्य पैदावार लगाउन प्राथमिकता दिनुपर्नेछ ।

२९. उद्यान घोषणा गर्न सक्ने (१) यस पालिकाले सम्बन्धीत वन उपभोक्ता समूहसँगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई वन उद्यान तथा प्राणी उद्यान घोषण गरी वन उपभोक्ता समूह मार्फत उद्यान निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक वन क्षेत्रमा स्थापना र सञ्चालन गरिने वन उद्यान तथा प्राण्ी उद्यान सम्बन्धित उपभोक्ता समूह मार्फत सञ्चालन गर्नुपर्नेछ ।

३०. पर्यापर्यटन कार्यक्रम संचालन गर्न सक्ने (१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आफ्नो वनमा आधारित पर्यापर्यटन कार्यक्रम संचालन गर्न सक्नेछन् ।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम संचालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन ।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन लागि पालिका तथा अन्य सरकारी तथा गैरसरकारी संघ संस्था वा निजी क्षेत्रले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) सामुदायिक वनमा संचालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानीमध्ये कम्तीमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवर्द्धन र कम्तिमा पचास प्रतिशत रकम महिला र विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु संचालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनुपर्नेछ ।

३१. जलवायु परिवर्तन न्यूनिकरण र अनुकुलन योजना (१) नगरपालिकामा जलवायु परिवर्तनका कारण पर्ने प्रभाव न्यूनिकरणका लागि स्थानिय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानिय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारीत जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहने त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि पालिकाले आवश्यक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनिकरणका लागि पालिकामा जलवायुमैत्री संरचनाको निर्माण, वन क्षेत्रको विकासका माध्यमबाट कार्वन उत्सर्जन न्यूनिकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद — ७

## निजी वन सम्वन्धी व्यवस्था

३२. निजी वनको व्यवस्थापन र वन पैदावार परिचालन :- निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

३३. निजी वन दर्ता सम्बन्धि व्यवस्था :- (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि वडा कार्यालयको सिफारीस सहित यस नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक लगत खडा गरी यस नगरपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त गरेका निजी वन धनीलाई आवश्यक प्राविधिक सहयोग पालिकाले उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद — ८

## सामुदायिक वनको काठ संकलन र बिक्रीबितरण

३४. सामुदायिक वनको काठ संकलन र बिक्री बितरण :- (१) सामुदायिक वनबाट ब्यापारिक प्रयोजनाका लागि बिक्री बितरण गरीने काठको रुख छपान, कटान, ओसार पसार श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र, आव्हान, बिक्री, टाचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राबिधिक मापदण्डहरु वनसम्बन्धी प्रचलीत संघिय कानुन बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा नगरपालिका वा प्रदेश सरकारको वनसम्बन्धी कार्यालय वा उपभोक्ता समुहको आफ्नै प्राबिधिक कर्मचारीको सहयोगका आधारमा उपभोक्ता समुहले स्थानिय परिवेश अनुसार आबश्यक कार्यबिधि वा प्रक्रिया अवलम्वन गर्न सकिने छ ।

३५. वन पैदावार बिक्री बितरणको वार्षिक योजना जानकारी गराउने :- (१) उपभोक्ता समुहले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

३६. वन पैदावार विक्री शुल्क :: (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री बापत प्राप्त हुने रकम समुहको खातामा जम्मा भएको मिति देखि १५ दिन भित्र सोको १० (दश) प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने छ ।

३७. सामुदायिक वनबाट प्राप्त लाभको सदुपयोग :- (१) सामुदायिक वन उपभोक्ता समुहले वन पैदावार बिक्री बितरण गरी प्राप्त गरेको रकम मध्ये दफा (३४) बमोजिम कुल प्राप्त रकमको दश प्रतिशत नगरपालिकालाई बुझाई बाँकी हुन आएको रकमको कम्तीमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको दिगो ब्यबस्थापनमा खर्च गर्नु पर्नेछ ।

३८.सामुदायिक वनबाट बिक्री गर्न सक्ने बस्तुहरु :- (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकीएको परिमाणमा पथ्थर, ढुँगा, स्लेट, ढला, पडा, सुखा, गिट्टी, बालुवा एबं माटोजन्य बस्तुको इट्टा बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्बजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी दहत्तर, बहत्तर, हाँगाहुगीं, नदि तथा खोला किनारमा वगी आएका काठ आदिको बिक्री गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बिक्री बापत प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद ९

## मानव र वन्य जन्तु द्धन्द्ध व्यवस्थापन, क्षतीपूर्ति र राहतको व्यवस्था

३९. मानव र वन्य जन्तु द्धन्द्ध व्यवस्थापन, क्षतीपूर्ति र राहतको व्यवस्था :- (१) मानव वन्यजन्तु बिचको द्वन्द व्यवस्थापन गर्न नगरपालिकाले आवश्यक पहल गर्ने छ ।

(२) वन्य जन्तुबाट मानवको जनधन, वाली नाली तथा पशु धन, पंक्षी आदिमा हानी नोक्सानी भएमा त्यस बापत राहत र क्षतीपूर्तीको व्यवस्थाका लागि नगरपालिकास्तरीय राहतकोष स्थापना गरिने छ ।

(३) उपदफा (२) बमोजिम स्थापना गरिएको राहत कोषको परिचालन गर्न तथा पिडीतहरुलाई राहत तथा क्षतीपूर्ती वितरणका लागि आबश्यक पर्ने निर्देशिका बनाई कार्यान्वयनमा ल्याइने छ ।

## परिच्छेद—१०

## वनसम्बन्धी कसुरको जाँचबुझ सम्बन्धी कार्यविधि र दण्ड सजाय

४०. वनसम्बन्धी कसुरको जाँचबुझ सम्बन्धी कार्यविधि ः यस पालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरण सम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधिका सम्बन्धमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित संघीय कानून लागु हुनेछ ।

४१. दण्ड सजाय ः यस पालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरण सम्बन्धी कसुरमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम दण्ड सजाय हुनेछ ।

४२. क्षतिपूर्ति भराउन सक्ने :- (१) यस ऐन बिपरित कुनै हानीनोक्सानी भएमा सम्बन्धीत व्यक्ति वा समुदायले उचित क्षतिपुर्तिका लागि उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन् भए नभएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद —११

## अनुगमन सम्बन्धी व्यवस्था

४३. अनुगमन समिती गठन गरिने :- (१) नगरपालिका अन्तर्गत गठित सामुदायिक वनको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरुको अनुगमन गर्न एक नगर स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा तपसिलका पदाधिकारीहरु रहनेछन् ।

(क) नगर प्रमुख वा निजले तोकेको नगरकार्यपालिका सदस्य ...................................... अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा अधिकृत स्तरको कर्मचारी.......सदस्य

(ग) सामुदायिक वन उपभोक्ता समूहहरु मध्ये महासंघले मनोनयन गरि पठाएका दुई जना महिला सहित चार जना ...............................................................................................सदस्य

(घ) ईलाका प्रहरी कार्यालय बाबियाचौर प्रतिनिधि .......................................................सदस्य

(ङ) डिभिजन वन कार्यालय भेरी को प्रतिनिधि एक जना ............................................. सदस्य

(च) उद्योग वाणिज्य संघबाट मनोनयन गरी पठाएका दुईजना ...................................... सदस्य

(च) नगरपालिका वन तथा वातावरण शाखा प्रमुख ...................................... सदस्य सचिव

नोट :- समुहमा संचालन गरिने सबै कार्यक्रमहरूको अनुगमन गर्न महिला, दलित, वञ्चित तथा विपन्न वर्गहरूलाई समेत सलंग्न गराई सहभागितामलूक अनगुमन समितिको गठन र अभ्यास गर्नुपर्दछ ।

## परिच्छेद — १२

## विविध

४४. सामाजिक प्रयोजनका लागि वन पैदावारको आपूर्ति ::-यस पालिकाको क्षेत्रभित्र धार्मिक तथा सास्कृतिक कार्य, विपत् व्यवस्थापन, दाहसंस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा यस पालिकाले सम्बन्धीत वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम् शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्नका लागि समन्वय गर्न सक्नेछ ।

४५. वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेख :- (१) यस पालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानको लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुर्‍याउने योजना तर्जुमा गर्न सकिनेछ ।

(२) यस पालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयसँग सम्बन्धीत परम्परागत ज्ञान र अभ्यासहरुको अभिलेख तयारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरी समुदाय तथा सरोकारवालाको पहुँचमा राख्नुपर्नेछ ।

४६. पुरस्कारसम्बन्धी व्यवस्था :- वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा संस्थालाई यस नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४७. असल नियतले गरेको कामको बचाउ :- वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

४८. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :- यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि यस नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

४९.बचाउ तथा खारेजी र बाँझिएमा गर्ने :- (१) यस नगरपालिकाले वनका विषयमा यस अघि कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाँझिएमा बाँझिएको हदसम्म यो ऐनका सम्बन्धीत दफाहरु निष्कृय रहनेछन् ।

प्रमाणीकरण गर्नेको:-

नाम :-

पद :-

प्रमाणिकरण मिति :-

दस्तखत:-

अनुसुचीहरु...

## अनुसूची -१

### १ सामुदायिक वन उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदनको नमूना

श्री नगर प्रमुख ज्यु

पञ्चपुरी नगरपालिका को वन ऐन, २०८१ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक

................................................ उपभोक्ता समितिको तर्फबाट

| क्र.स | पद | नाम र थर | लिङ्ग | सम्पर्क मोबाईल नम्बर | दस्तखत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषाध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

नोट :- साधारण सभाबाट उपभोक्ता समितिको गठन गर्नु पर्नेछ। यसरी समिति गठन गर्दा सबै वर्गको उपभोक्ताहरू जस्तै विपन्न, महिला, दलित, आदिवासी, जनजाति आदिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ ।

उपभोक्ता समितिमा ५० प्रतिशत महिला , अध्यक्ष सचिव मध्ये एक महिला, उपाध्यक्ष र कोषाध्यक्ष मध्ये एक महिला अनिवार्य हुनुपर्नेछ । बाँकी ५० प्रतिशतमा पनि विपन्न, दलित, आदिवासी, जनजाति र जातजातिको समानपुातिक प्रतिनिधित्व हुनुपर्नेछ ।

अनुसूची -२

उपभोक्ता समुह/संस्था दर्ता प्रमाणपत्र

पञ्चपुरी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, बाबियाचौर सुर्खेत ।

दर्ता नं.

श्री................................................ उपभोक्ता समूह

यस नगरपालिकाको मिति ................ को निर्णय अनुसार पञ्चपुरी नगरपालिकाको वन ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको वन क्षेत्रको क्षेत्रफलः-

घरधुरी संख्या, ः-

कुल जनसंख्या ः-

प्रमाण पत्र दिनेअधिकारी

नामः-

पदः-

दस्तखतः-

मितिः-

यो प्रमाणपत्र हराएमा वा नासिएमा प्रमाणपत्रको प्रतिलिपि लिन १०० रुपैया दस्तुर लाग्नेछ ।

अनुसूची -३

सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री नगर प्रमुख ज्यू

पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बाबियाचौर सुर्खेत ।

पञ्चपुरी नगरपालिकाको वन ऐन २०८१ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निदेदन पेश गरेका छौं ।

क) प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नामः-

ख) ठेगानाः-

ग) चार किल्लाः-

घ) क्षेत्रफलः-

ङ) जैविक विविधताः-

निवेदक

..............सामुदायिक वनउपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | पद | नाम र थर | लिङ्ग | दस्तखत |
|---|---|---|---|---|

अनुसूची-४

सामुदयिक वन दर्ताको प्रमाण पत्र

श्री ..................... उपभोक्ता समूह

पञ्चपुरी नगरपालिका ................... सुर्खेत ।

पञ्चपुरी नगरपालिकाको वन ऐन २०८१ को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसै साथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

नामः-

चारकिल्लाः-

क्षेत्रफलः-

प्रमाणपत्र दिने अधिकारीको

नाम, थरः-

दस्तखतः-

मितिः-

## अनुसूची-५

## वन पैदावारको (प्रकार) मुल्य निर्धारण

१. काठको जात............. ठुटा.......................... दाउरा.................................

२. जडिबुटीको नाम र दस्तुर.................

३. जरा जाती.......................................

४. फुल र भुवा जाती................................

५. गम  रेजिन लोहवान जाती.............................

६. अन्य जडीबुटी.......................................

७. काठ, दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार  वन पैदावारको नाम................

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत